पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : २ पोखरा खण्ड : ७ २०७५ श्रावण ४ गते

भाग २

पोखरा लेखनाथ महानगरपालिकाको

## पोखरा पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०७५

**प्रस्तावना :** पोखरा लेखनाथ महानगरपालिका भित्र अबिछिन्न रुपमा कार्यरत पत्रकारहरुको सामाजिक सुरक्षाको लागि पोखरा पत्रकार कल्याणकारी कोष संञ्चालन निर्देशिका-२०७५,पोखरा लेखनाथ महानगरपालिकाको नगरकार्यपालिकाको मिति २०७५/०४/०४ गते बसेको बैठकले यो निर्देशिका तयार गरि लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो निर्देशिकाको नाम 'पोखरा पत्रकार कल्याणकारी कोष' सञ्चालन निर्देशिका -२०७५ रहनेछ ।

२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) 'निर्देशिका' भन्नाले पोखरा पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका २०७५ सम्झनु पर्छ ।

ख) 'समिति' भन्नाले कोष सञ्चालन समिति भन्ने सम्झनु पर्छ ।

ग) 'सहयोग' भन्नाले कोषबाट प्राप्त व्याजबाट प्रदान गरिने सहयोगलाई जनाउनेछ ।

घ) 'कोष' भन्नाले पोखरा पत्रकार कल्याणकारी कोषलाई सम्झनु पर्छ ।

**३) कोषको स्थापना :**

१) पोखरा पत्रकार कल्याणकारी कोष नाम गरिएको एक कोष खडा गरिने छ । यो कोष पोखरा लेखनाथ महानगरपालिका र नेपाल पत्रकार महासंघ कास्कीको सहकार्यमा स्थापना हुनेछ ।

२) उपनियम (१) बमोजिम स्थापित कोषमा देहायका रकमहरु जम्मा गरिने छ ।

क) पोखरा लेखनाथ महानगरपालिकाबाट पत्रकार कल्याणकारी कोषका लागि छुट्टयाइएको रकम ।

ख) नेपाल पत्रकार महासंघ कास्की शाखाले थप गरेको रकम ।

ग) खण्ड क र ख मा लेखिएदेखि बाहेक सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु , राजनीतिक दल, ट्रेड युनियन , नागरिक समाज , वित्तीय संस्था, शैक्षिक संस्था, सर्वसाधरण वा पत्रकारले स्वेच्छाले प्रदान गरेको रकम ।

घ) नेपाल सरकार (संघीय), प्रदेश सरकार, स्थानीय सरकार एवं विभिन्न गाउँपालिकाबाट कोषका लागि भनि प्राप्त गरेको र कम ।

ङ) कोषलाई अन्य स्रोतबाट प्राप्त रकम ।

**४) कोषको प्रयोग :**

यस कोषको मूल धन खर्च गरिने छैन । कोषको व्याजबाट प्राप्त भएको रकम भने देहाएको लागि प्रयोग गरिने छ :

**(क) पत्रकारको बिमा :**

अ) यस कोषको प्राप्त व्याजबाट नेपाल पत्रकार महासंघ कास्की शाखामा आवद्ध पत्रकारको 'स्वास्थ्य बिमा' गरिने छ ।

(आ) बिमामा सहभागी हुन नेपाल पत्रकार महासंघको सदस्यता अनिवार्य रुपमा नवीकरण गरिएको हुनु पर्नेछ ।

(इ) यस्तो उपचारको व्यवस्था तोकिएको सरकारी तथा मेडिकल कलेजमा मात्र गर्ने व्यवस्था मिलाइने छ ।

**(ख) उपचार खर्च** :

अ) समाचार संकलनको सिलसिलामा कुनै पत्रकार दुर्घटनामा परि सख्त घाइते भई तत्काल नजिकको अस्पताल भर्ना गर्नु परेमा आपत्कालीन उपचारको व्यवस्थाको लागि राहत स्वरुप बढीमा पाँच हजार रकम उपलब्ध गराइने छ । सो र कम कोषको बैठकले निर्णय गरे बमोजिम हुनेछ । सहयोग प्राप्तीको लागि निवेदन दिनुपर्नेछ ।

**(ग) कानुनी हेल्प डेस्क :**

अ) नेपाल पत्रकार महासंघमा आवद्ध पत्रकारलाई पत्रकारिताको सिलसिलामा आवश्यक पर्ने कानुनी सल्लाह/परामर्श र उपचारको लागि नेपाल पत्रकार महासंघ कास्कीमा 'कानुनी हेल्प डेस्क' राखिनेछ ।

आ) हेल्प डेस्कमा नेपाल पत्रकार महासंघ कास्की शाखाले तोके बमोजिम ३ सदस्यीय हुनेछ ।

**(घ) विशेष वृत्तिको व्यवस्था** :

अ) कार्य सम्पादनको क्रममा मिडिया हाउसले कृयाशिल पत्रकार लाई सेवाबाट बिना कारण बर्खास्त गरेको अवस्थामा निज पत्रकारलाई तत्क्षण पर्न जाने असुविधालाई ख्याल गर्दै एक (१) महिनाको न्यूनतम पारिश्रमिक उपलब्ध गराइने छ ।

आ) यो अवधिमा नेपाल पत्रकार महासंघ कास्की शाखाले कानुनी हेल्प डेस्क मार्फत् मिडिया हाउस र सम्बन्धित पत्रकारबीच समस्या समाधानको आवश्यक पहल गर्नेछ ।

इ) यस्तो सुविधा प्राप्त गर्न सम्बन्धित पत्रकारले नेपाल पत्रकार महासंघ कास्की शाखामा घटनाको विवरण खुलाइ आवेदन दिनुपर्ने छ ।

**५) कोष सञ्चालन समिति :**

१) कोष सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछ ।

क) अध्यक्ष , नेपाल पत्रकार महासंघ कास्की – संयोजक

ख) पोखरा लेखनाथ महानगरपालिकाका प्रमुखले तोकेको प्रतिनिधि – सदस्य

ग) सचिव, नेपाल पत्रकार महासंघ कास्की – सदस्य

घ) कोषध्यक्ष नेपाल पत्रकार महासंघ कास्की– सदस्य

ङ) पोखरा लेखनाथ महानगरपालिकाका प्रमुखले तोकेको अधिकृत वा सो सरहको कर्मचारी–सदस्य सचिव

२) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ ।

३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

४) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) **कोषको व्यवश्थापन तथा सञ्चालन :**

१) कोषको रकम समितिबाट क वर्गको वाणिज्य वैंकमा खाता खोली जम्मा गरिनेछ ।

२) उपनियम (१) बमोजिमको खाता समितिका संयोजक र प्रमुख

प्रशासकीय अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

**७) लेखा तथा लेखा परीक्षण :**

१) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारको प्रचलित कानुन ( लेखा प्रणाली ) बमोजिम राखिनेछ ।

२) कोषको लेखा परीक्षण रजिस्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

**८) कोषको रकम वितरण गर्ने कार्यविधि :**

१. कोषको रकम नियम ४ बमोजिमको प्रयोजनका लागि प्रयोग गर्ने गरी समितिको बैठकले निर्णय गरेपछि हुनेछ ।

**प्रमाणीकरण मितिः  २०७५।०४।०४**
**राजपत्रमा प्रकाशित मितिः २०७५।०४।०४**

आज्ञाले,
शेषनारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत